**बैठक नं. ८८**

**आज मिति २०८२ श्रावन ७ गते, बुधबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :**

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

विषयहरु :

१. २०८२ सालको गाईजात्रा व्यवस्थापन समिति गठन सम्बन्धमा ।

२. नगरको प्रमुख बजार क्षेत्रमा पहिलो तल्लामा छत राख्ने सम्बन्धमा ।

३. नगरपालिकाको कर्मचारीहरुको संगठन तथा व्यवस्थापन (ओ.एण्ड एम.) सर्भे सम्बन्धमा ।

४. भनपा ३ दोका फल्चादेखि बाराही मन्दिर हुँदै बंशगोपालसम्मको सडकमा सवारी साधन एकतर्फी गर्ने सम्बन्धमा ।

५. स्वास्थ्य स्वयंसेविकाहरुको यातायात तथा सञ्चार खर्च सम्बन्धमा ।

६. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

७. विविध ।

निर्णयहरु :-

१. यस वर्षको गुन्हीपुन्ही/सापारुमा प्रदर्शन गरिने संस्कृतिहरुको मूल्यांकन गरी पुरस्कृत गर्न गाईजात्रा व्यवस्थापन समिति गठन गर्ने र उक्त समितिमा देहाय बमोजिम पदाधिकारीहरुलार्य जिम्मेवारी दिने निर्णय गरियो :-

**गुन्हीपुन्ही र सापारु व्यवस्थापन समिति - २०८२**

संयोजक : श्री रविन्द्र ज्याख्व, वडाअध्यक्ष, भ.न.पा. ९

सदस्य : श्री उकेश कवां, वडाअध्यक्ष, भ.न.पा. ७

सदस्य : श्री राजकृष्ण गोरा, वडाअध्यक्ष, भ.न.पा. ३

सदस्य : श्री कृष्ण प्रसाद कोजु, वडाअध्यक्ष, भ.न.पा. ८

सदस्य : श्री योगेन्द्रमान बिजुक्छें, वडाअध्यक्ष, भ.न.पा. ५

सदस्य : श्री हरिराम सुवाल, वडाअध्यक्ष, भ.न.पा. ६

सदस्य : श्री रोशनमैया सुवाल,कार्यपालिका सदस्य, भ.न.पा.

सदस्य : श्री कृष्णप्यारी भुजु, कार्यपालिका सदस्य, भ.न.पा.

सदस्य सचिव : श्री कृष्ण गोविन्द सुवाल, वरिष्ठ सहायक, भ.न.पा.

२) भक्तपुर नगरको पुरानो मुल बाटोको (च्याम्हासिंहदेखि भार्वाचो इनाग, इताछें, खौमा हुँदै साकोठासम्म) पसल व्यवसायीहरुलाई सुविधाको लागि पहिलो तल्लामा १८ इन्च चौडाईको छाना बनाउन अनुमति दिने र त्यसको नमुना (Sketch) नगरपालिकाले प्रदान गर्ने निर्णय गरियो ।

३) भक्तपुर नगरपालिकाका संगठन स्वरुप र कर्मचारीहरुको दरबन्दी पुनरावलोकन तथा कर्मचारी व्यवस्थापनमा थप प्रभावकारिता ल्याउन नगरपालिका अन्तर्गतका आयोजना, टेलिभिजन, शिशुस्याहार केन्द्र, पुस्तकालय निकायहरुको संगठन र व्यवस्थापन (Organization and Management - O&M) सर्भे गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

४) भक्तपुर नगरपालिकाको यातायात व्यवस्थापनमा सहजीकरण गर्न भनपा ३ दोका फल्चादेखि बाराही मन्दिर हुँदै वंशगोपालसम्मको सडक र सूर्यविनायक चोकदेखि राममन्दिर हुँदै तालाक्व र बुल्चासम्मको सडकलाई एकतर्फी सवारी परिचालन (one way traffic) लागू गर्ने कार्यका लागि गृहकार्य गर्ने सरोकारवालाको समूह तयार गरी अध्ययन गर्ने निर्णय गरियो ।

५) भक्तपुर नगरपालिकामा क्रियाशील महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुलाई नेपाल सरकारबाट यातायात तथा सञ्चार बापत भुक्तानी गर्नुपर्ने रकम छुट हुन गएकोले हालको लागि उक्त रकम नगरपालिकाको स्रोतबाट व्यहोर्ने निर्णय गरियो ।

६. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. शिक्षा, स्वास्थ्य, संस्कृति समिति**

मिति ०८२।४।४ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. हरेक वर्ष झैं यस वर्ष पनि गुन्हीपुन्ही सापारुको दिनदेखि कृष्णाष्टमीसम्म प्रदर्शन हुने घिन्ताङ्ग घिसी र साँस्कृतिक प्रस्तुतीहरुको मूल्यांकन हुने हुँदा सो विषयमा सम्बन्धित सबैको जानकारीको लागि सार्वनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

२. चालू आ.व २०८२।०८३ को लागि शैक्षिक ऋण प्राप्त गर्न चाहने विद्यार्थीहरुका लागि आवेदन माग गर्न सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

३. देहायका विद्यार्थीहरुलाई निजहरुले पेश गरेको निवेदन समेतका आधारमा छात्रवृत्ति रकम प्रदान गर्ने निर्णय गरियो :

१. सुन्दर राजचल - PHD, Mphil - राजनीति शास्त्र

२. हरिसुन्दर पोतामाहाँ - नेपाल भाषा

३. विकेश मचामसी - राजनीति शास्त्र

४. दिनेश खड्गी- राजनीति शास्त्र

४. श्री नित्यनाथ: खिं बाजा खल: ले मिति २०८२।२।२९ गतेमा पेश गरेको निवेदन माग अनुसार संस्कृति जर्गेनाका लागि प्रशिक्षण कार्यक्रमका लागि रु. ४५,०००।- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**ख. वातावरण तथा पर्यटन समिति**

मिति ०८२।४।४ गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. यही २०८२ श्रावण १० गतेदेखि फोहर छुट्याई संकलन कडाईका साथ लागू गर्न घरदैलो फोहर संकलन ट्राइसाइकलबाट निर्धारित बाटो अनुसार लागू गर्ने ।

२. सफाई कर्मचारीहरुको सफाई कार्य समय विहान ५:०० बजेदेखि ८:०० बजेसम्म र १०:०० बजेदेखि दिउंसो २:०० बजेसम्म गर्ने ।

३. सफाई कर्मचारीहरुको नियमित स्वास्थ्य परीक्षणको लागि ख्वप अस्पतालसँग सहकार्य गर्ने ।

४. सरसफाईको लागि आवश्यक सामाग्रीहरु र हेभि ट्रक, पानी ट्यांकर, ब्रुमर, जेटमेशिन निकास खोल्ने डण्डी, कम्पाक्टर, स्रेडर मेशिन खरिद गर्ने ।

५. न: पुखुको ध्वाकासँगै पर्यटक सेवा केन्द्र थप गर्ने र नाका नाकामा भएको सेवा केन्द्र आवश्यकता अनुसार स्तरोन्नती गर्न निरीक्षण गर्ने ।

६. पर्यटकहरुको सुरक्षा व्यवस्था र रात्रीकालीन दृश्यावलोकनको लागि नगरभरि सडक बत्ती र सी.सी. क्यामराहरु व्यवस्था गर्ने ।

७. सिलखेमा रहेको वर्कशपको लागि आवश्यक सामाग्री खरिद गर्ने ।

८. पर्यटक सेवा केन्द्रको लागि १४ थान ल्यापटप र एक थान डिजिटल परिचय पत्र बनाउने मेशिन खरिद गर्ने ।

९. कम्पोष्ट मल बनाउन आवश्यक तोकोजाई ढुटो, रातो माटो, सुली खरिद गर्ने ।

**ग. अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति**

मिति ०८२।३।३० गते बसेको अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाबाट सञ्चालित ५ (पाँच) वटै स्वास्थ्य केन्द्रहरुमा अपांगता भएका व्यक्तिहरुका लागि थेरापीका सामाग्रीहरु हस्तान्तरण गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिका क्षेत्रभित्रका व्यक्तिहरुबाट अपांगता परिचय पत्रका लागि प्राप्त निवेदन अनुसार यस समितिका चिकित्सक समेतको टोलीबाट परीक्षण पश्चात् ४ (चार) जनालाई 'ख' वर्गको कार्ड दिने र श्रमिक भुजु श्रेष्ठसँग आवश्यक कागजात माग गर्ने ।

**घ. ख्वप टेलिभिजन सञ्चालन तथा व्यवस्थापन समिति**

मिति ०८२।३।२४ गते बसेको ख्वप टेलिभिजन सञ्चालन तथा व्यवस्थापन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. ख्वप टेलिभिजन स्टुडियो तथा भौतिक पूर्वाधार तयारीको लागि आ.व. २०८१/०८२ मा रु. ५२,९५,३३०।१७ ल.ई. स्वीकृति गरी उपभोक्ता समितिका अध्यक्ष श्री दिनेश खड्गीले रु. १७,४७,०००।- पेश्की लिई कार्य गर्दै गर्दा स्टुडियोको भौतिक निर्माणको लागि आवश्यक कार्य तथा सामाग्रीहरु थपघट भएको र स्टुडियोको लागि आवश्यक इलेक्ट्रोनिक्स सामानहरु ल.ई अनुसार दररेट फरक परेकोले सो सामानहरु कोटेशन खरिद विधि मार्फत गर्ने निर्णय भएको हुँदा माथि उल्लेखित ल.ई. लाई रिभाइज ल.ई गरी रु.२०,९०,८२६।६० स्वीकृत गरी उपभोक्ता समितिबाट गरिएको कार्यको खुद खर्च रु.१९,१८,१६१।१८ को प्राविधिक मूल्यांकन रु.१९,८३,८०७।१२ भएकोले उपभोक्ता समितिको नाउंमा रहेको रु. १७,४०,०००।- पेश्की फछ्र्यौट गरी नपुग रकम रु.१,७१, १६१।१८ भुक्तानी दिने निर्णय गरियो

२. मिति २०८२ असार १८ गते बसेको बैठक अनुसार ख्वप टेलिभिजनलाई नियमित रुपमा सञ्चालन गर्न एक जना आंशिक करारमा स्टेशन इन्चार्ज, एक जना करारमा समाचार सम्वाददाता र एक जना आंशिक करारमा ईलेक्ट्रोनिक्स इन्जिनियर नियुक्तिगर्ने निर्णय भए अनुसार उक्त पदको लागि निवेदन परेकाहरुमध्ये स्टेशन इन्चार्ज (छैठौ तह) मा रविन्द्र प्रसाद कुसी, सम्वाददाता (पाँचौं तह) मा शुभरत्न दुवाल र ईलेक्ट्रोनिक्स ईन्जिनियर (छैठौं तह) मा मेनसन लाखेमरुलाई दैनिक ज्यालादारीमा नियुक्ति गर्ने निर्णय गरियो । साथै स्टेशन इन्चार्ज (छैठौ तह) मा रविन्द्र प्रसाद कुसी, ईलेक्ट्रोनिक्स इन्जिनियर (छैठौं तह) लाई दैनिक २ घण्टाको दरले काममा लगाई ८ घण्टाको एक दिनको दरले हुन आउने पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

**ङ. आर्थिक तथा लेखा समिति**

मिति २०८२।३।२६ गतेको आर्थिक तथा लेखा समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. जिल्ला प्रहरी परिसर, भक्तपुरको पत्र सम्बन्धमा बैठकमा छलफल हुँदा जिल्ला प्रहरी परिसर, भक्तपुरले मागेको विवरणहरु जय भवानी वचत तथा ऋण सहकारी संस्था लि. का सञ्चालकहरुसँग माग गर्ने र जिल्ला प्रहरी परिसर, भक्तपुरको पत्रको प्रतिलिपि सहित पठाउने निर्णय गरियो ।

२. मयूर झ्याल बचत तथा ऋण सहकारी संस्था लि. का पीडित बचतकर्ताहरुको निवेदन सम्बन्धमा छलफल हुँदा पीडित बचतकर्ताहरुको विषयमा मिति २०८१।४।११ गते शुक्रवार सञ्चालक समितिका पदाधिकारीहरु र भक्तपुर नगरपालिकाको सहकारी अनुगमन समितिका पदाधिकारीहरु बसी छलफल गर्दा १५ दिनभित्र सहकारीका संस्थाका बचतकर्ताहरुको र ऋणीहरुको नामनामेसी र रकम, खाता सञ्चालकहरुको विवरण, मासिक तथा वार्षिक प्रतिवेदन र सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु र कर्मचारीहरुको सम्पर्क नम्बर सहितको नाम नियमक निकायमा पठाउने सहमति भएतापनि हालसम्म कुनै पेश नभएको र पीडितहरुबाट अध्यक्ष र व्यवस्थापकको घर जग्गा रोक्का गरी पाऊँ भनी निवेदन पेश भएकोले हाललाई निम्नानुसारको घर जग्गा रोक्का गर्न सम्बन्धित भूमि व्यवस्था तथा मालपोत कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

तपसिल

क) अध्यक्ष विश्वराज शिल्पकार, भक्तपुर जिल्ला, सूर्यविनायक न.पा, कटुञ्जे, वडा ८ ख-१ कित्ता नं १६८९ को घर जग्गा ।

ख) व्यवस्थापक किरण सुवाल, सिन्धुली जिल्ला कपिलाकोट गा.वि.स. वडा नं. १ ग कित्ता नं. १४६ र १४८ को जग्गा

ग) व्यवस्थापक किरण सुवालको अंश लाग्ने सि.नं १०२११९४१८, कित्ता नं. १३२५ भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ४ साविक बागेश्वरी २ (ङ) कित्ता नं.. ८५६र ५७२ को जग्गा ।

३. क) सहकारी संस्थाको विगत र वर्तमान विषयमा सहकारीकर्मीहरुको भेला निम्न लिखित मिति, समय र स्थानमा गर्ने निर्णय गरियो । सोको लागि सबै संस्थाहरुलाई दुई जना उपस्थित हुन पत्राचार गर्ने निर्णय गरियो ।
मितिः २०८२।४।२ गते शुक्रबार
दिनकोः १:०० बजे
स्थानः भ.न.पा.को सभा कक्ष

ख) सहकारी संस्थाको विगत र वर्तमान विषयमा सहकारीकर्मीहरुको भेलामा उपस्थित हुने सूचना मजदुर दैनिक पत्रिकामा २ (दुई) दिनको सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

ग) सहकारी संस्थाको विगत र वर्तमान विषयमा सहकारीकर्मीहरुको भेलामा उपस्थित हुने सहकारीकर्मीहरुको लागि आवश्यक खाजा र चियाको व्यवस्था गर्ने निर्णय गरियो ।

मिति २०८२।४।५ गतेको आर्थिक तथा लेखा समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. यस नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुले तपसिल बमोजिम गर्नु गराउनु हुन यो सूचना प्रकाशित गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकको सहकारी ऐन, २०७४ को दफा ५३ उपदफा १(क) (दोश्रो संशोधन) अनुसार आ.व. २०८१/०८२ को संस्थाको लेखापरीक्षण नगरपालिकाबाट स्वीकृति लिई मात्र लेखापरीक्षण गराउनु पर्नेछ । आ.व.२०८१/०८२ को लेखापरीक्षण २०८२ सालको असोजभित्र लेखापरीक्षण गराई पौष मसान्त भित्रमा साधारण सभा सम्पन्न गरी १५ दिनभित्र भक्तपुर नगरपालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२. लेखापरीक्षक नियुक्तिको स्वीकृत लिन संस्थाको अनुरोध पत्र, लेखापरीक्षक नियुक्तिको साधारण सभाको निर्णय, सम्बन्धित वडा कार्यालयमा संस्थाले वार्षिक शुल्क, सरसफाई र वहाल कर तिरेको रसिदको फोटोकपी, लेखा व्यवसायीको व्यवसाय दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्र, पान वा भ्याटमा दर्ताको कपी, नेपाल चार्टड एकाउन्टेण्ट संस्थाको लेखा परीक्षण प्रमाण पत्र नवीकरण रसिदको फोटोकपी, सम्बन्धित स्थानीय तहमा लेखा परीक्षण व्यवसाय दर्ताको प्रमाणपत्र र आ.व. २०८०/०८१ मा छुट्याएको सामुदायिक विकास कोषको ५० प्रतिशत रकम नगरपालिकामा बुझाएको भौचर/रसिदको फोटोकपी संलग्न गर्नु पर्नेछ ।

३. आ.ब. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन पेश गरेकोमा लेखा नीति तथा टिप्पणी, सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका २०७५ अनुसार लेखापरीक्षकले भर्नुपर्ने लामो फाराम लेखापरीक्षण प्रतिवेदन पेश नगर्ने लेखापरीक्षकहरुलाई लेखापरीक्षण स्वीकृति दिन कार्यालय बाध्य हुनेछैन ।

**च. निर्माण समिति**

मिति ०८२।४।४ गते बसेको निर्माण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

**निर्माण समितिको मिति २०८२□०४□०४ गतेको बैठकको निर्णयहरू :**

| क्र .सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रिल.ई.□क बोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्या□न रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क)** | **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | आदर निकेतन सञ्चालन गर्न भवन फिनिसि□ कार्य | ६ | आदर निकेतन पूर्वाधार विकास तथा फार्निचर खरिद | १,२७७,२८३।२० | | | | | | | | |
| २ | जिल्ला प्रशासन कार्यालय, बाल अदालतको बाटो तथा पार्कि□ स्थल सुधार कार्य | ३ | मर्मत | १,१४५,७१४।६५ | | | | | | | | |
| ३ | चम्पकेश्वर क्षेत्रमा पानी निकास व्यवस्थापन कार्य | ४ | मर्मत | ९८,९९१।१६ | | | | | | | | |
| **ख)** | **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | |
| १ | न्याकी दह नारायण मन्दिर पुन:निर्माण कार्य | ८ | नपा | ५,०१९,७९१।४३ | | मिति २०८३ जेठ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो । | | | | | | |
| २ | भनपा वडा नं. ८ को सडक फुटपाथमा बिरूवा दुबो र जाली राख्ने कार्य | ८ | वातावरण तथा पर्यटन समिति | ५६२,५८३।६३ | | मिति २०८२ असोज १५ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो । | | | | | | |
| **ग)** | **पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | जनज्योति पुस्तकालय र भनपा भवनमा पाखा मर्मत कार्य | २ | मर्मत | ९७,६३७।९७ | | २७,०००।०० | ७६,९५१।४० | ४९,९५१।४० | ८३,२२५।५१ | सम्पन्न | रत्नकाजी नायभारी (अमानत कर्ता) | |
| २ | पुलको एप्रोच रोड सुधार कार्य | १ | मर्मत | ९८,११४।३८ | | | ९६,०००।०० | ९६,०००।०० | ९९,८५३।६६ | सम्पन्न | लक्ष्मण बस्नेत (अमानत कर्ता) | |
| ३ | धालाखुसीमा पानी निकास व्यवस्थापन कार्य | १ | मर्मत | ९९,६६१।७३ | | | ८५,४८०।०२ | ८५,४८०।०२ | ११०,७६७।१९ | सम्पन्न | सम्झना रंजितकार (अमानत कर्ता) | |
| ४ | तपाके क्षेत्रको बाटोमा ग्राभेलिङ गर्ने कार्य | १ | मर्मत | ९९,६६३।५० | | | ९६,२६०।०० | ९६,२६०।०० | १०२,४४२।३६ | सम्पन्न | न्हुछेराम त्वायना ( अमानत कर्ता) | |
| ५ | तपाकेमा ढल व्यवस्थापन कार्य | १ | मर्मत | ६५,१३३।०८ | | | ६४,३४०।०० | ६४,३४०।०० | ६७,६०७।०३ | सम्पन्न | मैया वेयजु ( अमानत कर्ता) | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | खड्बा शिशु स्याहार केन्द्रमा मर्मत तथा रंगरोगन कार्य | ७ | मर्मत | ९८,७६६।६७ | | | ९५,२०३।४४ | ९५,२०३।४४ | ९८,७४४।१६ | सम्पन्न | हिरा ख्याजु (अमानत कर्ता) | |
| ७ | चोखाविनायकबाट यातु ल्हो हिटी जाने सडक खण्डमा बाटो सुधार कार्य | १० | मर्मत | ९२,२१०।५८ | | | ९०,०००।०० | ९०,०००।०० | ९६,५०८।८४ | सम्पन्न | बद्रीराम छुस्याबाग (अमानत कर्ता) | |
| ८ | भेलुखेलमा पार्किङ पूर्वाधार निर्माण कार्य | ५ | पार्कि□ पूर्वाधार (नपा) | ५,४७३,०६५।८९ | प्रथम पेश्की | १,५००,०००।०० | १,९२७,७५२।०० | ४२७,७५२।०० | २,१२१,३५०।९० | सम्पन्न | रामप्रसाद फसिकवा | तेस्रो पेश्की फछ्र्यौट गरी योजना फरफारक गर्नेर बाक्की रू. २३,९४७।१३ नपाको खातामा जम्मा गरी फिर्ता |
| | | | | | दोस्रो पेश्की | १,५००,०००।०० | १,५४५,७३२।०० | ४५,७३२।०० | १,९४०,८०१।६५ | | | |
| | | | | | तेस्रो पेश्की | १,४००,०००।०० | १,३७६,०५२।८७ | | १,४४८,५९९।९६ | | | |
| | | | | | **जम्मा** | **४,४००,०००।००** | **४,८४९,५३६।८७** | **४७३,४८४।००** | **५,५१०,७५२।५१** | | | |
| ९ | भनपाका विभिन्न स्थानमा नियमित मर्मत सम्भार कार्य (असार महिनाको) | १-१० | मर्मत | ९८,१७७।९६ | | | ९०,६२४।०० | ९०,६२४।०० | ९७,३०४।२२ | सम्पन्न | (राधेश्याम भैनात्व) अमानत | |

७. **<u>विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :</u>**

**क. नेपाल सरकार /बागमती प्रदेश सरकारबाट यस अघि अनुदान प्राप्त विभिन्न कार्यक्रमका देहाय बमोजिमका करार कर्मचारीको आ.व. २०८२/०८३ मा देहाय बमोजिम अनुदान कटौती भएको हुंदा निजहरुको लागि आवश्यक पारिश्रमिक यस नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी निजहरुको करार सेवा यस आ.व. २०८२/०८३ को लागि निरन्तरता दिने निर्णय गरियो :**

**क. कृषि प्राविधिक - अधिकृत स्तर छैटौं (१०० प्रतिशत) - रवि ख्याजु**

**ख. एम.आई.एस. अ प्रेटर (पांचौं तह) (५० प्रतिशत) - न्हुज किजु**

**ग. एम.आई.एस. अप्रेटर (पांचौं तह) (१०० प्रतिशत) - रविन मुनंकर्मी**

**घ. रोजगार प्राविधक सहायक (पांचौं तह) (१०० प्रतिशत) - वृत्तान्त भैल**

**ङ. रोजगार सहायक (पांचौं तह) (१०० प्रतिशत) - राम प्रसाद बोहजु**

च. फिल्ड सहायक (चौथों तह) (५० प्रतिशत) – सरिता जाकिबन्जार

छ. कविराज (पांचौं तह) (१०० प्रतिशत) – अंकिता काफ्ले

(कविराज अंकिता काफ्लेको हकमा आयुर्वेद तथा वैकल्पिक चिकित्सालय भक्तपुरको च.नं. २०५ मिति २०८२।३।२९ गतेको पत्रबाट माग भए बमोजिम आवश्यक तलव भत्ता हाललाई नपाबाट व्यवस्था गर्ने र बागमती प्रदेश सरकारबाट निकासा प्राप्त भएमा सोधभर्ना गर्ने गरी)

ख. भक्तपुर नगरपालिकाको फोहर सिसडोल बञ्चरे डाँडामा लाने बेला ड्राइभर र हेल्परहरुलाई खाना खाने समयको अभावले समस्या भएको कारण सिसडोल बञ्चरे डाँडामा १ टिप गर्दा समेत ड्राइभर र हेल्परहरुलाई बिहानको खाना वापत प्रति दिन १ टिप गरे वापत प्रति व्यक्ति रु २५०।- उपलब्ध गराउने निणर्य गरियो। उक्त व्यवस्था २०८२ साल श्रावण १ गतेदेखि लागू गर्ने निर्णय गरियो।

ग. यस न.पामा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत जम्मा रु. १५,६५०।- झ्क छैं नेवारी खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो।